**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 21.06.2024**

***PM Yoga Day***

सारा विश्वमा आज अन्तरास्ट्रिय योग दिवस मनाइयो देशमा मुख्य समारोह जम्मु काश्मीरको श्रीनगरमा शेर-ए-काश्मीर अन्तार्रास्ट्रिय सम्मेलन केन्द्रमा आयोजित गरियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्रीनगरवाट समारोहको नेतृत्व गर्नुभयो। कार्यक्रममा जम्मू काश्मीरका उपराज्यपाल श्री मनोज सिन्हा, केन्द्रीय मन्त्री श्री प्रतापराव गणपतराव जाधव र अन्य गन्यमान्य व्यक्तिहरू उपस्थित थिए। यस अवसरमा प्रधानमन्त्री योग सत्तमा सामेल हुनुभयो। उहाँले जनसभालाई पनि सम्वोधन गर्नुभयो योग सत्तमा शारीरिक,मानसिक र आध्यत्मिक विकासमा योगको महत्वमाथि जोड़ दिइयो। श्री मोदीले भन्नुभयो विश्वभरिमा योग गर्नेहरूको संख्या बढ्दै गइरहेछ र यसको उपयोगितालाई पनि मानिसहरूले बुझिरहेछन्। पछिल्लो दस वर्षमा योगको विस्तारमाथि प्रधानम्त्रीले नयाँ योग अर्थव्यवस्थावारे चर्चा गर्नुभयो र योग पर्यटनप्रति बढ्दो आकर्षण र मानिसहरूको योग सिक्नका लागि भारत आउने इच्छाको उल्लेख गर्नुभयो। श्री मोदीले योग स्थान, रिसर्टस, हवाईअड्डा र होटलहरूमा योगका लागि समर्पित सुविधाहरू, योग परिधान तथा उपकरण र ब्यक्तिगत योग प्रशिक्षकहरूको पनि उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो यी सबै विकासले युवाहरूका लागि रोजगार सृजनका नयाँ अवसर उत्पन्न गरिरहेछन्। विषय थियो – 'स्वयं र समाजका लागि योग'। प्रधानमन्त्रीले भन्नुभयो-विश्वले योगलाई वैश्विक कल्याणको एउटा शक्तिशाली तन्त्रको रूपमा हेरिरहेछ। प्रधानमन्त्रीले भन्नुभयो- विश्वले योगलाई वैश्विक कल्याणको एउटा शक्तिशाली तन्त्रको रूपमा हेरिरहेछ।

***Yoga day (state)***

यता राज्यमा पनि आज दशौ अन्तर्रास्ट्रिय योग दिवस धूमधामले मनाइयो। राज्य स्तरीय समारोह स्वास्थ्य तथा परिवार कल्याण विभाग अधिन सिक्किम राज्य आयूष सोसाइटीको तत्वावधानमा गान्तोकको पाल्जोर स्टेडियमको Indoor हलमा आयोजित भयो। राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य मुख्य अतिथि रहनु भएको समारोहमा स्वास्थ्य मन्त्री श्री जी टी ढुंगेल विशिस्ट अथिथि जन स्वास्थ्य अभियान्त्रिकी मन्त्री श्री सोनाम लामा विशेष अथितिको रूपमा उपस्थित हुनुहुन्थ्यो। यसमा राज्य विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापा, मन्त्रीगण, विद्यायकवर्ग गान्तोक नगर निगमकी उपमेयर वरिस्ट सरकारी अधिकारीहरू, चिकित्सहरू, पुलिस अधिकारीहरू, भारत आरक्षी बटालियन IRB, सश्स्त्र सीमा बल।

भारत तिब्बत सीमा पुलिस ITBP, सिक्किम सशस्त्र पुलिस SAP, राज्य आपदा प्रतिक्रिया बल, केन्द्र सरकारी प्रतिस्ठानका अधिकृतहरू, र विभिन्न पाठशालाका विद्यार्थीहरूको उपस्थिती थियो।आफ्नो वक्तव्यमा राज्यपालले योगली अन्तर्रास्ट्रिय स्तरमा नयाँ चिन्हारी दीएकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रशंसा गर्नुभयो। योगद्वारा भारतले विश्वलाई वसुधैव कुटुम्बकम सन्देश दिएको करो बताउँदै उहाँले योगको बढ्दो लोकप्रियताको उल्लेख गर्नुभयो र भन्नुभयो यसले विश्वलाई एकजुट बनाएर शान्ति, भातृत्व र सद्भावनाको सन्देश फिजाउँछ।

राज्यमा योग दिवस समारोहको साक्षी बन्न पाएकोमा प्रसन्नता व्यक्त गर्दै श्री आचार्यले भन्नुभयो उपयुक्त सुविधाहरू र पूर्वाधारको विकासले सिक्किम योग तथा ध्यानका लागि विश्व स्तरीय केन्द्रको रूपमा स्थापित हुन सक्छ र यसद्वारा अर्थव्यवस्थासँगै स्थानीय पर्यटन फस्टाउनेछ। राज्यपालले सबैसित स्वास्थ जीवनशैली, स्वस्थ सिक्किम, स्वस्थ रास्ट्र र स्वस्थ विश्वका लागि योगलाई आफ्नो जीवनको अभिन्न अंग बनाउने आग्रह गर्नुभएको छ। स्वास्थय मन्त्री श्री जी टी ढुंगेलले सामाजिक विकासका निम्ति स्वास्थय र आरोग्यको बाय्पक प्रभावको उल्लेख गर्दे योग जस्तो स्वास्थ्य सम्वन्धी अभ्यासलाई दिन चर्चमा समावेश गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। पछि Ayush सोसाइटीका चिकित्सा अधिकारी डा. सुमिरन तामाङको नेतृत्वमा पैतांलिस मिनटको योग सत्र आयोजित भयो। यसमा विभिन्न आसनहरूको अभ्यास गरियो। राज्यका अन्य जगहहरूमा पनि योग दिवस आरम्भ गरियो।

***Forest minister visit***

बन मन्त्री श्री पिन्छो नाम्गेल लेप्चाले आज जंगुमा लुम गोर साङतोक र ही ग्याथाङ ग्राम पञ्चायत इकाइका प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। विभागका अधिकारीहरूसित भ्रमण कार्यक्रममा मन्त्रीले फिदिङ गाउँको निरीक्षण गर्नका साथै फिदिङको नव निम्ति पुलरो अल्लोकन गर्नुभयो। उहाँले GREF संगठनलाई पुलको आधारलाई क्षति हुन नदिनका लागि सिरक्षात्मक कार्य द्रुत गतिमा अघि बढ़ाउने निर्देश दिनुभएको छ। मन्त्रीले दुईवटा ग्रामपञ्चायत इकाइका प्रभावित परिवारहरूलाई राशिन र राहत सामाग्रीहरू वितरम गर्नुभयो।

ग्रेफका अधिकारी अनुसार क्षेत्रमा मरम्मतिका लागि चारवटा मशिनहरूको प्रयोय गरिनेछ। लोवर जंगुको फिदाङदेखि नङ र गोर गाउँ जाने सड़क हलुका वाहनहरूका लागि तयार भएको छ। यसैवीच जंगुमा राशिन सपलाई गर्नका लागि साङकालङका जीप लाइन आज विहानदेखि परिचलन भएको छ।

***Agniveer Rally***

सिक्किमका निम्ति अग्निवीर ऱ्याली 2024 यसै महीना छब्बीसदेखि अठाइस तारीकसम्म नाम्चीको भाइचुङ स्टेडियममा आयोजित हुनेछ। लिखित परीक्षा उत्रीर्ण गरेका उम्मेदवारहरूलाई शारीरिक योग्यता तथा चिकित्सा जाँचका लागि ई-मेलद्वारा प्रवेश पत्र पठाइसकिएको छ। उम्मेदवारहरू प्रवेश पत्रमा उल्लेखित दिनाङ्क र समय अनुरूप ऱ्यालीमा सहभागी हुन स्टेडियम पुग्नुपर्नेछ।

---

***Akashvani News***

आकाशवाणी समाचारलाई भारतको सबैभन्दा विश्वसनीय समाचार ब्रान्डहरूमध्ये एउटा मानिएको छ। अक्सफोर्ड यूनिभर्सिटीको reuters institute for the study of Journalism द्वारा हालैमा गराइएको एउटा सर्वेक्षणमा देशको मीडिया जगतमा आकाशवाणी समाचारको श्रेस्ठताको पुस्टि गरिएको छ। यस्तो, उल्लेखनीय उपलब्धीवारे बोल्दै प्रसार भारतीय अध्यक्ष श्री नवनीत कुमार सहाजले भन्नुभएको छ यो सबै परिस्थितीमा साँचो र प्रमाणित खबर अटूट प्रसारित गर्ने आकाशवाणी समाचारको अटूट प्रतिवध्दताको प्रमाण हो।